# पञ्चेश्वर गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं.- ९८५८७८४०००
Email: ito.pancheshwormun@gmail.com


## आन्तरिक आय तर्फको रोयल्टी संकलनका लागि बोलपत्र आह्वान गरिएको सुचना।

(तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/२५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को दफा ११ (घ) छ बमोजिम भएको व्यवस्था एवम् पञ्चेश्वर गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम यस गाउँपालिका स्थित महाकाली नदीका विभिन्न घाटहरुबाट आ.व. २०८१/०८२ मा नदीजन्य पदार्थ बालुवा संकलनका लागि बोलपत्र आह्वान गर्नुपर्ने हुँदा उल्लेखित ठेक्काको तेस्रो पटकका लागि ७ दिने सूचना प्रकाशित गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा संस्थालाई न्युनतम अंकमा रकम नघट्ने गरी यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना आह्वान गरिन्छ।

आन्तरिक आय ठेका विवरण

| सि.न. | ठेक्का नं. | नदि/ठेक्का उठाउन पाउने क्षेत्र | कुल घनमिटर | न्युनतम अंक (रु. भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | ०७/२०८१/०८२ | विनायक घाट क्षेत्र | ३३०३.६४ | ३,५०,०००/-(अक्षेरपी तिन लाख पचास हजार मात्र) |
| २ | ०८/२०८१/०८२ | बलारा घाट क्षेत्र | १४१५.८४ | १,५०,०००/-(अक्षेरपी एक लाख पचास हजार मात्र) |
| ३ | ०९/२०८१/०८२ | ढोया घाट क्षेत्र | १४१५.८४ | १,५०,०००/-(अक्षेरपी एक लाख पचास हजार मात्र) |

ठेका सम्बन्धी शर्तहरु:

१. बोलपत्र खरिदको लागि रु. १०००।- (अक्षेरपी रु. एकहजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको नबिल बैंक पञ्चेश्वर शाखामा रहेको ग.१.१ आन्तरिक राजस्व खाता न. ०७६०१०१७५००१६४ मा बुझाई सोको रसिद पेश गरि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयभित्र यस पञ्चेश्वर गाउऊपालिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ र टेण्डर फाराम खरिद गर्दा नागरिकताको फोटोकपी अनिवार्य रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ।

महेश पाके
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
सम्पर्क नं.- ९८५८७८४०००
Email: ito.pancheshwormun@gmail.com

२. वोलपत्र फाराम साथ धरौटी बापतको रकम नेपाली नागरिक भए कवोल अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए कवोल अंकको १० प्रतिशत यस कार्यालयको नविल वैंक पञ्चेश्वर शाखा स्थित ७६०१०१७५०००००५ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा ने.रा. वैंकवाट मान्यता प्राप्त बैंकले कम्तिमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको विडवण्डको सक्कलै प्रति यस कार्यालयमा बुझाउनु पर्नेछ।

३. खरिद गरिएका बोलपवहरु प्रष्टसंग भरी ठेकेदारले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर व्यक्ति, फर्म, कम्पनीको नाम ठेगाना, कामको नाम प्रष्ट लेखी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० वजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।

४. वोलपत्र सोही दिनको २:०० बजे ठेकेदारका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. वोलपत्र खरीद गर्ने दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन वोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोलिनेछ ।

६. माथि उल्लेखित ठेक्काको फाराम भर्दा कुल कवोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। साथै कवोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र सवैभन्दा बढी कवोल अंक उल्लेख गर्ने बोलपत्रदाताहरुको चोलपत्र स्विकृत गरिनेछ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा मोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। ठेका सम्वन्धि कुनै विवाद आएमा सोको निरुपण गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ।

८. वोलपत्र शर्त रहित, केरमेट नभएको कार्यालयले उपलब्ध गराएको, वोलपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ। समय भित्र पेश नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९. ठेक्का अवधि सम्झौता भएको मितिवाट २०८२ साल जेठ मसान्तसम्म हुनेछ। सम्झौता पश्चात वोलपत्रदाताले कुनै पनि कारणले ठेक्का सम्झौता अन्त्य गर्न पाउने छैन।

१०. अस्थायी ठेका चलनपुर्जी दिईने छैन। सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन। समयमा सम्झौता नगरी ठेक्का चलनपूर्जी नलिएको कारणवाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन।

११. नदिवाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी यस कार्यालयमा बुझाउनु पर्नेछ।

१२. पट्टा व्यावसायिले यस बोलपत्रमा भएका सम्पूर्ण सर्तहरुको पुर्णरुपमा पालना गर्नुपर्नेछ र सोको अनुगमन यस कार्यालय तथा अन्तर्गतका नियामक निकायहरुवाट गरिनेछ। अनुगमनका क्रममा कुनै कैफियत भेटिएमा कार्यालयले जुनसुकै वखत ठेक्का सम्झौता अन्त्य गरी आवश्यक कारवाही गर्नेछ।

२०८०/०८/२५

महे...
प्रमुख प्रशा... अधिकृत



CS Scanned with CamScanner

# पञ्चेश्वर गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं.- ९८५८७८४०००
Email: ito.pancheshwormun@gmail.com


१३. स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदनले औल्याएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरूको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा विक्रिवितरण गर्नुपर्नेछ।

१४. ठेक्का पट्टा प्राप्त गरे पश्चात पट्टा सम्वन्धि सम्पूर्ण जानकारी देखिने गरी सञ्चालन हुने स्थानमा विवरणहरु राखुपर्नेछ।

१५. बिगतका आर्थिक वर्षहरुमा ठेक्का सम्झौता गरी सम्झौता अनुसार कार्य सम्पन्न नगरेका, सम्झौता भंग गरेका, कुनै किसिमको सरकारी बाँकी अथवा पेश्की भुक्तानी बाँकी रहेका र नियमानुसारको राजश्व र बेरुजु दाखिला नगरेका व्यक्ती, फर्म वा संस्थाले पेश गरेको ठेक्का दरभाउ माथी कुनै कारवाही हुनेछैन।

१६. ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

१७. उत्खनन गर्दा नदिजन्य पदार्थ बाहेक प्रचलित कानुनले प्रतिवन्ध गरेका कुनैपनि कियाकलापहरु गर्न पाईनेछैन। सम्मानित अदालत् नेपाल सरकार, गाउँपालिकाको नीति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्ने ठेकेदारको कर्तव्य एवं दायित्व हुने एवं नीति, निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै हानी नोक्सानी हुन गएमा क्षतीपूर्तिको दाबी ठेकेदारले गा.पा. संग गर्न पाउने छैन।

१८. नदिजन्य पदार्थ संकलन गर्दा आवश्यक पर्ने संशाधनहरुको व्यवस्था सम्वन्धित संचालकले नै गर्नुपर्नेछ।

१९. सम्झौता बमोजिमको कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। ठेकेदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपूर्ति अथवा कुनै किसिमको दावी गर्न पाईने छैन ।

२०. ठेकेदारले सम्वन्धित आप संकलन गर्ने क्षेत्रको राम्रोसंग हेरी बुझी मात्रै बोलपत्र दाखिला र सम्झौता गर्नुपर्नेछ राम्रोसंग नवुझि सम्झौता गरी सकेपछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्वन्धित ठेकेदारको हुनेछ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुनेछैन ।

२१. स्थानीय स्तरमा उठ्ने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्वन्धित ठेकेदारको हुनेछ।

२२. सम्वन्धित घाट, बगर तथा खानी क्षेत्रबाट ढुंगा गिट्टी बालुवा लगायतका पदार्थहरु उत्खनन गर्दा स्काईभेटर, डोजर लगायतका भारी उपकरण प्रयोग नगरी मान्छेद्वारा उत्खनन गर्नु पर्नेछ।

२३. कवोल अंकको भ्याट सहितको सम्पूर्ण रकम सम्बन्धित ठेकेदारले सम्झौता गर्दा नै अनिर्वाय बुझाउनु पर्नेछ।

२४. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

२५. करका दरहरु आ.व. २०८१।०८२ को गाउँ सभाले गरेको निर्णय अनुसार हुनेछन् ।

२०८१/०८/२५.
महेश पार्की
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner